# <u>कर्णाली प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७७</u>

**<u>प्रस्तावना</u>** : नेपालले अन्तर्राष्ट्रिय तहमा लैङ्गिग समानता तथा सामाजिक समावेशीकरणका लागि व्यक्त गरेका प्रतिबद्धता समेतलाई मध्यनजर गर्दै नेपालको संविधानको भाग ३ मा प्रद्धत्त मौलिक हकको (१८,२४,३८,३९,४०,४२) कार्यान्वयन तथा प्रवर्द्धन गर्दै धारा १६२ बमोजिमको प्रदेश सरकारको कार्यकारिणी अधिकार कार्यान्वयन गर्दा कर्णाली प्रदेश सरकारका निकायहरूबाट सञ्चालन हुने योजना तथा कार्यक्रम र प्रशासनिक क्रियाकलापहरूलाई लैङ्गिग समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउँन बाञ्छनीय भएकाले, प्रदेश सुशासन ऐन, २०७६ को दफा ४४ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कर्णाली प्रदेश लैङ्गिग समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७७ तर्जुमा गरको छ।

## परिच्छेद -१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अल्पसङ्ख्यक" भन्नाले सङ्घीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ।

(ख) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुलाई सम्झनु पर्छ।

(घ) "गैरसरकारी संस्था" भन्नाले प्रचलीत नेपाल कानून वमोजिम स्थापना भएका  गैरनाफामूलक संस्था सम्झनु पर्छ।

(ङ) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकारलाई सम्झनु पर्छ।

(च) "योजना" भन्नाले प्रदेश सरकारले तयार गरेको आवधिक विकास योजना वा वार्षिक विकास योजना, विषयगत गुरुयोजना, रणनीति योजना वा यस्तै प्रकारका अन्य योजना सम्झनु पर्छ।

(छ) "लक्षित समूह" भन्नाले संविधानको धारा १८ को उपधारा (३) मा उल्लेख गरिएका वर्ग र नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग वा समुदायलाई सम्झनु पर्छ।

(ज) "लोपोन्मुख" नेपाल सरकारले लोपउन्मुख भनि तोकेका जात जाती वा समूहलाई बुझ्नु पर्छ।

(झ) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

(ञ) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरु लाई विकासका प्रक्रियामा समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

(ट) "लैङ्गिक प्रभाव विष्लेषण" भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवंम् पुरुष लाभान्वीत भएका छन्, छैनन भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ।

(ठ) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट वन्चित महिला, पुरुष, यौनिक तथा लङ्गिक अल्पसङ्ख्यकलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्छ।

(ड) "लैङ्गिक समानता" भन्नाले महिला, पुरुष, यौनिक तथा लङ्गिक अल्पसङ्ख्यक बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।

(ढ) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र विभिन्न सामाजिक समूहहरुलाई समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि गरिने कार्यलाई सम्झनु पर्छ।

(ण) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण वा लैससास परीक्षण" भन्नाले लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ।

(त) "लैससास" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बुझ्नु पर्छ।

(थ) "लैससास परीक्षण कार्यदल" लैससास परीक्षणका लागि यस कार्यविधिको दफा ५ को उपदफा (२) बमोजिम गठन हुने लैससास परीक्षण कार्यदललाई सम्झनु पर्छ।

(द) "लैससास सम्पर्क व्यक्ति" भन्नाले प्रदेश सरकारका निकायहरूमा लैङ्गिग समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषय हेर्नेगरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ध) "वञ्चित समुह" भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एवम् भौगोलिक कारणले पछि परेका वा पारिएका दुर्गम क्षेत्रमा बसोबास गर्ने व्यक्ति वा समूह सम्झनु पर्दछ।

(न) "सामाजिक समावेशीकरण" भन्नाले गरिवी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई लाई सम्झनु पर्छ।

(ऩ) "सामाजिक समावेशी बजेट" भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सम्बोधन गरि तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई सम्झनु पर्छ।

(प) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार त्यसको प्रभावकारी उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्दछ।

(फ) "सशक्तीकरण" भन्नाले विकासका अवसरहरुवाट वञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडी परेका, अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्छ।

(ब) "सीमान्तकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका वा पारिएका वर्ग वा समुदायलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## कार्यविधिको उद्देश्य

३. **कार्यविधिको उद्देश्यः** यो कार्यविधिको मुल उद्देश्य देहाय बमोजिम रहेकोछः-

(क) प्रदेश सरकारका मातहतका निकायको लैससास परीक्षण मार्फत लैससास अवस्था पत्ता लगाई संस्थागत संरचना र कार्यक्रमहरुमा सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्दै लैजाने।

(ख) प्रदेश सरकारको विकास प्रक्रियामा लक्षित वर्गको निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने।

(ग) प्रदेश सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

## परिच्छेद -३

## <u>लैससास परीक्षण, कार्यदल, सूचक, परीक्षण विधि र प्रकृया</u>

४. **लैससास परीक्षणः** (१) लैससास परीक्षण प्रदेश सरकार मातहतका निकायहरूको आन्तरिक लैससास स्वःलेखाजोखा हुनेछ। लैससास परीक्षण वर्षमा एक पटक प्रथम चौमासिक भित्र सम्पन्न गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लैससास परीक्षण गर्दा अघिल्लो आर्थिक वर्षको अन्त्य सम्मको तथ्यलाई आधार मानी परीक्षण गर्नु पर्नेछ।

(३) लैससास परीक्षण कार्यक्रमको लागि सामाजिक विकास मन्त्रालय र प्रदेश सरकारका सम्बन्धित निकायले बजेट व्यवस्थापन गर्न सक्नेछन्।

(४) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालनमा रहँदा सम्म उक्त कार्यक्रमबाट समेत लैससास परीक्षणमा आर्थिक तथा प्राविधिक सहयोग प्राप्त हुन सक्नेछ।

(५) लैससास परीक्षण कार्यका लागि लैससास परीक्षण तथा अभिमुखीकरण प्रशिक्षक प्रशिक्षण प्राप्त आन्तरिक तथा बाह्य सहजकर्ताको सहयोग वा सेवा लिन सकिनेछ।

५. **<u>लैससास परीक्षण कार्यदल गठनः</u>** (१) प्रदेश सरकारका निकायहरुको लैससास परीक्षण गर्न एक लैससास मैत्री कार्यदल गठन गर्नु पर्नेछ।

(२) लैससास परीक्षण कार्यदल देहाय बमोजिम गठन हुनेछः-

(क) लैससास परीक्षण गर्ने निकायको प्रशासन वा लैससास महाशाखा/शाखा प्रमुख -संयोजक

(ख) लैससास परीक्षण गर्ने निकायको अधिकृस्तर प्रतिनिधि -सदस्य

(ग) सामाजिक विकास मन्त्रालय वा सामाजिक विकास कार्यालयको प्रतिनिधि -सदस्य

(घ) लैससास परीक्षण गर्ने निकायको लैससास सम्पर्क व्यक्ति -सदस्यसचिव

(३) लैससास परीक्षण कार्यको सहजीकरण गर्न लैससास परीक्षण प्रशिक्षक प्रशिक्षण प्राप्त कुनै पनि व्यक्तिलाई कार्यदलमा आमन्त्रण गर्न वा प्रचलित खरिद कानून बमोजिम निजको सेवा लिन सकिनेछ।

६. **<u>लैससास परीक्षण सूचक:</u>** (१) यस कार्यविधिको अधिनमा रही देहायका विषयक्षेत्रहरूमा प्रदेश सरकारका निकायहरुको लैससास परीक्षण गर्नुपर्नेछ।

(क) नीति, कानून योजना,

(ख) संस्थागत व्यवस्था,

(ग) मानव संसाधन तथा क्षमता विकास,

(घ) सुशासन तथा उत्तरदायित्व,

(ङ) सेवा प्रवाह।

(२) उपदफा (१) बमोजिमका प्रत्येक विषय सुचकको प्रति विषयक्षेत्र १५ वटा सूचकबाट कूल पचहत्तर (७५) अङ्क भारमा लैससास परीक्षण गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको विषयक्षेत्रमा अनुसूची-१ बमोजिमका मुल्याङ्कन सूचक र अङ्कभार समेतको आधारमा लैससास परीक्षण गर्नु पर्नेछ।

(४) अनुसूचीको कैफियत खण्डमा तोकिए बमोजिमका सूचकहरू तोकिएको निकायको लागि मात्र लागु हुनेछ। यस्तो सूचक लागु नहुने निकायको परीक्षण गर्दा पुरा अङ्क दिनुपर्नेछ।

७. **लैससास परीक्षण बिधिः** (१) लैससास परीक्षण गर्दा देहायको विधिहरू अवलम्बन गरि लैससास अवस्था विश्लेषण गर्नुपर्नेछः-

(क) **दस्तावेज समीक्षाः** लैससास परीक्षण कार्यदलले प्रदेश सरकार र लैससास परीक्षण गर्न लागिएको निकायको दस्तावेजहरू (जस्तै ऐन, कानून, नीति, कार्यविधि, क्षमता विकास योजना, वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समीक्षाको प्रतिवेदन, विकास वुलेटिन, पार्श्वचित्र, विभिन्न समयमा भएका निर्णयहरू आदिको लैससासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(ख) **लक्षित समुदाय छलफलः** लैससास बजेट परीक्षण गर्दा लैससास परीक्षण गर्न लागिएको निकाय सँग सरोकार राख्ने समुहहरु सँग सम्बन्धीत सवालहरुमा थप जानकारी लिन कार्यविधिको अनुसूची-१ बमोजिमका सूचकहरुको आधारमा लक्षित समुदाय छलफल गर्नु पर्नेछ।

(ग) **मुख्य सूचनादातासँग अन्तरवार्ताः** लैससास परीक्षणको गोष्ठी सञ्चालन पूर्व सम्बन्धीत सूचना सङ्कलन र छलफलहरुवाट देखिएका नतिजाहरुको वारेमा पुष्टयाई तथा थप जानकारी लिनका लागि लैससास परीक्षण गर्न लागिएको निकायको मुख्य सरोकारवाला वा प्रतिनिधीहरुसँग अन्तरवार्ता गर्नु पर्नेछ।

(घ) **कार्यशाला सञ्चालन (सूचकहरुको लेखाजोखा)ः** अनुसूची-१ बमोजिमका सूचकहरूको परीक्षणका लागि लैससास परीक्षण कार्यशाला आयोजना गरी प्राप्ताङ्कहरुलाई अनुसूची-२ बमोजिमको माकुरे जालोमा समेत उतार गर्नुपर्नेछ।

(ङ) **अवस्था विश्लेषणः** लैससास परीक्षण कार्यदलले सहभागितात्मक विधिका आधारमा कार्यशालाकै अवधीमा लैससास स्वट विश्लेषण (सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती सहित) लैससास क्षेत्रमा विगतमा भए गरेका गतिविधिहरु र प्राप्त अनुभवको अवस्था विश्लेषण अनुसुची-३ र प्राप्त मुख्य उपल्धीहरूलाई अनुसूची-४ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

(च) **कार्ययोजना तयारः** लैससास परीक्षण र खण्ड (ज) बमोजिमको विश्लेषण समेतको आधारमा सुधार गर्नु पर्ने क्षेत्रमा आगामी दिनमा सञ्चालन गर्नु पर्ने क्रियाकलाप र सुझाव समेत राखी अनुसूचीमा-५ बमोजिमको कार्यान्वयन कार्ययोजना तर्जुमा गर्नु पर्नेछ।

(छ) **प्रतिवेदनः** लैससास परीक्षणको अन्तिम प्रतिवेदन अनुसूची-६ बमोजिमको ढाँचामा तयार गरी अन्तिम प्रतिवेदन लैससास परीक्षण गरिएको निकाय, सामाजिक विकास मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्नेछ।

८. **लैससास परीक्षणका प्रक्रियाहरूः** (१) लैससास परीक्षण देहायका तीन चरणमा सम्पन्न गर्नु पर्नेछः-

**(क) तयारी चरण (समय १ दिन)**

(१) लैससास परीक्षणका लागि कार्यदल बनाउने,

(२) कायर्शाला गोष्ठीको पूर्व तयारी तथा चाहिने सामग्रीहरूको व्यवस्था गर्ने,

(३) लैससास परीक्षणका उद्देश्य र प्रकृयाका वारेमा परीक्षण हुने निकायका कर्मचारीहरुलाई अभिमुखीकरण सञ्चालन गर्ने, यस्तो निकायमा जनप्रतिनिधि समेत रहने भएमा निजहरूलाई समेत अभिमुखीकरणमा सहभागी गराउने,

(४) लैससास परीक्षणको लागि सहभागीहरूको सूची तयार गर्ने, लैससास कार्यशाला गोष्ठी सञ्चालनको लागि मिति, स्थान, समय अवधि तोक्ने।

**(ख) परीक्षण चरण (समय २ दिन)**

(१) पदाधिकारी तथा कर्मचारी र कार्यदल सदस्यहरूको उपस्थितिमा लैससास परीक्षण वैठकमा सञ्चालन गर्ने, अनुसूची-१ अनुसारको सचूकहरूमा छलफल गरी अङ्क प्रदान गर्ने,

(२) लैससास परीक्षण सूचकहरूलाई अधिक्तम अङ्कभार १ राखी सुल्याङ्कन गर्नु पर्नेछ जसमा सहभागितात्मक छलफलवाट सूचक प्रमाणीकरणका आधारहरू बमोजिम प्राप्त प्रमाण समेतका आधारमा राम्रो देखिएमा एक (१), मध्यम देखिएमा शून्य दशमलब पाँच (०.५) र कमजोर अवस्थाको लागि शून्य (०) अङ्क प्रदान गर्नु पर्नेछ।

(३) लैससास परीक्षण कार्यशाला १ दिन र पुष्ट्याईका आधारहरु सङ्कलन गर्न १ वा समानान्तर रूपमा सञ्चालन गर्न सकिने छ,

(४) प्रत्येक विषयक्षेत्रको पाएको कुल प्राप्ताङ्कको आधारमा लैससास परीक्षण गरिने निकायको वर्तमान लैससास अवस्था अनुसूची-२ अनुसारको नमुना माकुरेजालोमा चित्रण गर्ने,

(५) प्राप्ताङ्कको आधारमा लैससास परीक्षण गरिएको निकायको विषयक्षेत्रगत लैससास अवस्था अनुसूची-३ बमोजिमको ढाँचामा विश्लेषण गर्ने। यसरी विश्लेषण गर्दा पुर्णाङ्क अङ्क प्राप्त विषयक्षेत्र लाई सवल पक्ष र त्यसभन्दा कम प्राप्त हुने विषयक्षेत्र लाई सुधार गर्नुपर्ने पक्षमा राख्नुपर्नेछ,

(६) परीक्षणबाट लैससास क्षेत्रमा प्राप्त मुख्य उपलब्धिहरुलाई अनुसूची-४ बमोजिमको ढाँचामा तयार गर्ने,

(७) पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरूलाई आगामी दिनमा सुधार गर्न अनुसूची-५ कार्ययोजना तयार गर्ने।

**(ग)** <u>प्रतिवेदन चरण (समय २ दिन)</u>

(१) खण्ड (ख) बमोजिमो परीक्षण चरणका क्रियाकलापहरू सकिए पश्चात लैससास परीक्षण कार्यदलले प्रारम्भिक प्रतिवेदन परीक्षण सम्पन्न भएको निकायको प्रमुख समक्ष पेश गर्ने,

(२) प्रारम्भिक प्रतिवेदन माथी प्राप्त सुझाव समेतका आधारमा लैससास परीक्षण कार्यदलले अनुसूची-६ बमोजिमको ढाँचामा विस्तृत प्रतिवेदन तयार गर्ने,

(३) परीक्षणको अन्तिम प्रतिवेदन दफा ७ को उपदफा (१) को खण्ड (छ) मा तोकिएका निकायहरुमा पेश गर्ने।

९. **लैससास परीक्षण नतिजाको गुणस्तरीयताः** लैससास परीक्षण प्रतिवेदनको प्राप्ती पश्चात सामाजिक विकास मन्त्रालयले प्रतिवेदनको अध्ययन तथा पेश गरिएका प्रमाणहरूको स्थलगत रूजु गरी आवश्यकता अनुसार गुणस्तरीयता मापन गर्न सक्नेछ।

१०. **<u>लैससास परीक्षण नतिजाको समीक्षाः</u>** (१) लैससास परीक्षणको नतिजा आ-आफ्नो नीतिगत तथा कार्यगत संयन्त्रको वैठकमा छलफल गराई प्राप्त सुझाव तथा कार्ययोजनाको कार्यान्वयन गर्नु लैससास परीक्षण गरिएको निकायको दायित्व तथा जिम्मेवारी हुनेछ।

(२) सामाजिक विकास मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले लैससास परीक्षण प्रतिवेदनको आधारमा लैससास परीक्षण गरिएको निकायलाई थप सुझाव तथा लैससास सुधारका अन्य क्रियाकलापहरू सञ्चालन गर्न सक्नेछन्।

११. **<u>सूचना प्रविधिको प्रयोगः</u>** लैससास परीक्षण नतिजा प्रविष्टि र नतिजा सार्वजनीकरण कार्यको लागि सामाजिक विकास मन्त्रालयले सूचना प्रविधि विकासगरि प्रयोगमा ल्याउन सक्नेछ।

१२. **<u>कार्यविधिको संशोधनः</u>** यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक संशोधन गर्न सक्नेछ।

१३. **<u>बचाउः</u>** यो कार्यविधि लागु हुनु पूर्व भएका प्रदेश सरकारका निकायहरूको लैससास परीक्षण यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

लैससास परीक्षण कार्यविधि २०७७

## अनुसूची-१

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण
## विषय क्षेत्रगत सूचकहरु

**अङ्कभार तथा अवस्थाः (शून्य)०-कमजोर, शून्य दशमलब पाँच (०.५)-मध्यम, एक (१)-**

| विषय क्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अक आउने |
|---|---|---|---|---|
| | १.१ नीति तथा कानूनको मस्यौदा तयार गर्दा लैससास दृष्टिले कार्यटोली निर्माण | नीति तथा कानूनको मस्यौदा तयार गर्दा सबै कार्यटोली लैससास दृष्टिले निर्माण गर्ने गरेको | नीति तथा कानूनको मस्यौदा तयार गर्दा आंशिक (कम्तीमा एक) कार्यटोली लैससास दृष्टिले निर्माण गर्ने गरेको | नीति तथा कानूनको गर्दा लैससास दृष्टिले निर्माण नगरेको |
| | १.२ नीति तथा कानूनी दस्तावेज र मस्यौदाको विषयवस्तु, शब्द चयन र प्रावधान लैससास संवेदनशील, समावेशी र सहभागीलामूलक | सबै नीति तथा कानूनी दस्तावेज र मस्यौदाको विषयवस्तु, शब्द चयन र प्रावधान लैससास संवेदनशील, समावेशी र सहभागीलामूलक भएका। | आंशिक (कम्तीमा एक) नीति तथा कानूनी दस्तावेज र मस्यौदाको विषयवस्तु, शब्द चयन र प्रावधान लैससास संवेदनशील, समावेशी र सहभागीलामूलक भएका। | नीति तथा कानूनी दस मस्यौदाको विषयवस्तु र प्रावधान लैससास स समावेशी र सहभागील नभएका। |
| १ नीति, कानून योजना | १.३ कानून तथा नीति निर्माणको क्रममा महिला तथा सामाजिकरुपमा वञ्चितीकरणमा परेका समुदायका प्रतिनिधि तथा सरोकारवालासँग सुझाव लिने गरे/नगरेको | कानून तथा नीति निर्माणको क्रममा महिला तथा सामाजिकरुपमा वञ्चितीकरणमा परेका समुदायका प्रतिनिधि तथा सरोकारवालासँग सुझाव लिई कार्यान्वयन गर्ने गरेको | कानून तथा नीति निर्माणको क्रममा महिला तथा सामाजिकरुपमा वञ्चितीकरणमा परेका समुदायका प्रतिनिधि तथा सरोकारवालासँग सुझाव लिने गरेको तर कार्यान्वयन नगरेको | कानून तथा नीति निम लाभग्राही विशेषतः म सामाजिकरुपमा बञ्चि समुदायका प्रतिनिधि त सरोकारवालासँग सुझा नगरेको |

| विषय क्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार | प्रासाङ्क |
| --- | --- | --- | --- | --- | --- | --- |
| | १.४ मन्त्रालय / कार्यालयले जारी गरेका लैससास सम्बन्धी कानूनहरुको विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरुसँग अभिमुखीकरण गर्ने गरेको/नगरेको। | मन्त्रालय/कार्यालयले जारी गरेका लैससास सम्बन्धी कानूनहरुको विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरुसँग अभिमुखीकरण गर्ने गरेको। | मन्त्रालय/कार्यालयले जारी गरेका लैससास सम्बन्धी कानूनहरुको विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरुसँग आंशिक रुपमा अभिमुखीकरण गर्ने गरेको। | मन्त्रालय/कार्यालयले जारी गरेका लैससास सम्बन्धी कानूनहरुको विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरुसँग अभिमुखीकरण गर्ने नगरेको | १. बाषिक बजेट तथा कार्यक्रम<br>2. अभिमुखीकरण कार्यक्रमको उपस्थिती<br>३. प्रतिवेदन | |
| | १.५ मन्त्रालय/कार्यालयले जारी गरेका कानूनहरु सबैको पहुँच योग्य हुने गरी वेवसाईट तथा सञ्चारका माध्यमहरुमा प्रसारण गर्ने गरेको/नगरेको। | मन्त्रालय/कार्यालयले जारी गरेका कानूनहरु सबैको पहुँच योग्य हुने गरी वेवसाईट र रेडियो, TV, पत्रपत्रिका लगायतका सञ्चार माध्यमहरुमा प्रसारण प्रकाशन गर्ने गरेको। | मन्त्रालय/कार्यालयले जारी गरेका कानूनहरु सबैको पहुँच योग्य हुने गरी वेवसाइटमा मात्रै राख्ने गरेको। | मन्त्रालय/कार्यालयले जारी गरेका कानूनहरु सबैको पहुँच योग्य हुने गरी वेवसाइट तथा सञ्चारका माध्यमहरुमा प्रसारण गर्ने नगरेको। | १. प्रकाशन प्रसारण गरेको प्रमाण<br>२. वेवसाईटको स्क्रिनसट वा लिङ्क | |
| | १.६मन्त्रालय/कार्यालयले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्ने प्रावधानको व्यवस्था गरिएको छ/छैन | मन्त्रालय/कार्यालयले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्ने प्रावधानको व्यवस्था गरि कार्यान्वयन ल्याएको। | मन्त्रालय/कार्यालयले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न प्रावधान भएको तर कार्यान्वयनमा नल्याएको | मन्त्रालय/कार्यालयले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न प्रावधानको व्यवस्था नगरिएको | १. स्वीकृत गरेका ऐन, नियम तथा कार्यविधि तथा कानूनी दस्तावेजहरु<br>प्रावधान के के हुने | |
| | १.७ वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति र कार्यक्रम समावेश गरिएको छ/छैन | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश भएको बजेट विनियोजन भई कार्यान्वयमा आएको। | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि आँसिक रुपमामात्र नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेशभएको बजेट विनियोजन भएको तर कार्यान्वयनमा नआएको। | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश नगरिएको। | १. वार्षिक बजेट तथा कार्यक्रम<br>२. लक्ष्य अनुरुपको कार्य प्रगति प्रतिवेदन | |

| विषय क्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | १.८ महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु छ/छैन | महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु वार्षिक कार्यक्रममा समावेश भई कार्यान्वयन आएको। | महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु वार्षिक कार्यक्रममा समावेश भएको तर कार्यान्वयन नआएको। | महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु समावेश नभएको। | महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु कार्यान्वयन गरेको | |
| | १.९ उपभोक्ता समितिहरुमा महिलासहित लक्षित समुदायको कम्तीमा ४० प्रतिशत सहभागिता भए/नभएको र मुख्य कार्यकारी पदमध्ये कुनै एकमा जिम्मेवारी दिए/नदिएको | उपभोक्ता समितिहरुमा महिलासहित लक्षित समुदायको कम्तीमा ४० प्रतिशत सहभागिता भएको र मुख्य कार्यकारी पदमध्ये कुनै एकमा जिम्मेवारी दिएको। | उपभोक्ता समितिहरुमा महिलासहित लक्षित समुदायको कम्तीमा ४० प्रतिशत सहभागिता भएको र मुख्य कार्यकारी पदमध्ये कुनैमा पनि जिम्मेवारी नदिएको। | उपभोक्ता समितिहरुमा महिलासहित लक्षित समुदायको कम्तीमा ४० प्रतिशत सहभागिता नभएको र मुख्य कार्यकारी पदमध्ये कुनैमा पनि जिम्मेवारी नदिएको। | १. उपभोक्ता समिति गठन सम्बन्धी निर्णय<br>२. बैठक उपस्थिति सहितको निर्णय | |
| | १.१० दीगो विकासका लक्ष्य नं. ५ प्रासिका लागि कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन हुने गरे/नगरेको | दिगो विकासका लक्ष्य नं. ५ प्रासिका लागि कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन हुने गरेको | दीगो विकासका लक्ष्य नं. ५ प्रासिका लागि कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन भएको तर कार्यान्वयमा नआएको | दीगो विकासका लक्ष्य नं. ५ प्रासिका लागि कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन र कार्यान्वयनमा नआएको। | १. वार्षिक बजेट तथा कार्यक्रम<br>२. लक्ष्य अनुरुपको कार्य प्रगति प्रतिवेदन | |
| | १.११ जातीय विभेद, छाउपडी, बालविवाह, बहुविवाह, दाईजो प्रथा आदि सामाजिक कुरीति हटाउने कार्यक्रमहरु सञ्चालनमा भए/नभएको | जातीय विभेद, छाउपडी, बालविवाह, बहुविवाह, दाईजो प्रथा आदि सामाजिक कुरीति हटाउने कार्यक्रमहरु सञ्चालनमा भएको | जातीय विभेद, छाउपडी, बालविवाह, बहुविवाह, दाईजो प्रथा आदि सामाजिक कुरीति हटाउने कार्यक्रम भएको तर सञ्चालनमा नआएको। | जातीय विभेद, छाउपडी, बालविवाह, बहुविवाह, दाईजो प्रथा आदि सामाजिक कुरीति हटाउने कार्यक्रमहरु नभएको | १. वार्षिक बजेट तथा कार्यक्रम<br>. लक्ष्य अनुरुपको कार्य प्रगति प्रतिवेदन | |
| | १.१२ महिला बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको लागि लैससास नीतिको प्रावधान अनुसार बजेट विनियोजन गरे/नगरेको | महिला बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको लागि लैससास नीतिको प्रावधान अनुसार बजेट विनियोजन भई कार्यान्वयन भएको। | महिला बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको लागि लैससास नीतिको प्रावधान अनुसार बजेट विनियोजन भएको तर कार्यान्वयन नभएको। | महिला बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको लागि लैससास नीतिको प्रावधान अनुसार बजेट नभएको। | १. लैससास नीति<br>२. वार्षिक कार्यक्रम तथा बजेट<br>३. प्रगति प्रतिवेदन | |

| विषय क्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार | प्रासाङ्ग |
|---|---|---|---|---|---|---|
| | १.१३ समावेशी तथा सहभागितामुलक विकासको लागि योजना तर्जुमा तथा समीक्षा गर्दा सरोकारवालाहरु बीच छलफल तथा परामर्श हुनेगरे/नगरेको | समावेशी तथा सहभागितामुलक विकासको लागि योजना तर्जुमा तथा समीक्षा गर्दा सरोकारवालाहरु बीच बर्षमा दुई पटक छलफल तथा परामर्श हुने गरेको | समावेशी तथा सहभागितामुलक विकासको लागि योजना तर्जुमा तथा समीक्षा गर्दा सरोकारवालाहरु बीच बर्षमा एक पटक छलफल तथा परामर्श हुने गरेको | समावेशी तथा सहभागितामुलक विकासको लागि योजना तर्जुमा तथा समीक्षा गर्दा सरोकारवालाहरु बीच छलफल तथा परामर्श हुने नगरेको | १. बैठकको उपस्थिति तथा निर्णय पुस्तिका | |
| | १.१४ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेटको व्यवस्था गरिए/नगरिएको | लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेटको व्यवस्था गरी परीक्षण गर्ने गरिएको | लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेटको व्यवस्था रहको तर परीक्षण गर्ने नगरिएको | लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेटको व्यवस्था नरहेको र परीक्षण गर्ने नगरिएको | १. बजेट तथा कार्यक्रम<br>२. परीक्षण प्रतिवेदन | |
| | १.१५ लैससास परीक्षणमा औलाइएका सुधार सुझावहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश भए नभएको | सुधार सुझावहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश भइ कार्यान्वयनमा आएको। | सुधार सुझावहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश भएको तर कार्यान्वयनमा नआएको। | सुधार सुझावहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश नभएको, कार्यान्वयनमा नआएको। | १. बजेट तथा कार्यक्रम<br>२. कार्यान्वयन प्रतिवेदन<br>३. लैससास परीक्षण प्रतिवेदन | |
| २. संस्थागत व्यवस्था | २.१ निर्णायक तहमा महिला तथा वञ्चितीकरणमा परेका समुदायको प्रतिनिधित्व (कर्मचारी र पदाधिकारी) | निर्णायक तहमा महिला तथा वञ्चितीकरणमा परेका समुदायको ३३ प्रतिशत प्रतिनिधित्व भएको छ। | निर्णायक तहमा महिला तथा वञ्चितीकरणमा परेका समुदायको २५ प्रतिशत प्रतिनिधित्व भएको छ। | निर्णायक तहमा महिला तथा वञ्चितीकरणमा परेका समुदायको २५ प्रतिशतभन्दा कम प्रतिनिधित्व भएको छ। | १. समितिमा महिला तथा वञ्चितीकरणमा परेका व्यक्तिको नामावली र उपस्थिति<br>२. वैठकको निर्णय | |
| | श्रेणी विहिन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको प्रतिनिधित्व | श्रेणी विहिन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति बनाई कार्यान्वयनमा आएको | श्रेणी विहिन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति बनेको तर कार्यान्वयनमा नआएको। | श्रेणी विहिन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति नबनेको। | १. रणनीतिको दस्तावेज<br>२.भर्ना कर्मचारीको विवरण<br>३. विज्ञापनमा स्पष्टरुपमा उल्लेख भएको। | |

| विषय क्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | २.२ कुनै अवसर(तालिम, अध्ययन, भ्रमण, जिम्मेवारी) प्रदान गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट प्रतिनिधित्व भएका कर्मचारी/पदाधिकारीलाई प्राथमिकता दिने गरी सकरात्मक विभेदको नीति लिएको/नलिएको | कुनै अवसर प्रदान गर्दा सबैलाई महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट प्रतिनिधित्व भएका कर्मचारी/पदाधिकारीलाई प्राथमिकता दिने गरी सकरात्मक विभेदको नीति निर्माण भई कार्यान्वयमा आएको। | कुनै अवसर प्रदान गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट प्रतिनिधित्व भएका कर्मचारी/पदाधिकारीलाई प्राथमिकता दिने गरी सकरात्मक विभेदको नीति निर्माण मात्र गरिएको । | कुनै अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुने गरी महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट प्रतिनिधित्व भएका कर्मचारी/पदाधिकारीलाई प्राथमिकता दिने गरी सकरात्मक विभेदको नीति नगरिएको। | १. प्रतिनिधित्व गराउने सम्बन्धी नीति वा निर्णय<br>२. प्रतिनिधित्व भएको कर्मचारी वा पदाधिकारीको विवरण | |
| | २.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हेर्ने इकाई/शाखा र कार्यान्वयन समितिको व्यवस्था | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हेर्ने इकाई/शाखा र कार्यान्वयन समितिको व्यवस्था रहेको। | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हेर्ने इकाई/शाखा र कार्यान्वयन समितिको व्यवस्था गर्ने निर्णय भएको। | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हेर्ने इकाई/शाखा र कार्यान्वयन समितिको व्यवस्था गर्ने निर्णय नै नभएको। | १. इकाई/शाखा र डेस्कको स्थापना गर्ने निर्णय वा नीति<br>२. इकाई/शाखा र डेस्कको स्थापना भएको प्रमाण | |
| | २.४ लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्न हटलाईन वा निःशुल्क (टोल फ्री) नम्बरको व्यवस्थापन | लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्न हटलाईन वा निःशुल्क (टोल फ्री) नम्बरको व्यवस्थापन भई प्रयोगमा आएको। | लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्न हटलाईन वा निःशुल्क (टोल फ्री) नम्बरको निर्णय भएको । | लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्न हटलाईन वा निःशुल्क (टोल फ्री) नम्बर राख्ने कुनैपनि निर्णय नभएको । | १. हटलाईन, टोल फ्री नम्बर राख्ने निर्णय भएको पुस्तिका,<br>२. हटलाईन, टोल फ्री नम्बर सञ्चालनमा आएको।<br>३. हटलाईन मार्फत प्राप्त गुनासा वा परामर्श तथा फछ्र्यौटको विवरण राखेको अभिलेख पुस्तिका | |
| | २.५ लैससास शाखा हेर्ने मानवीय स्रोतको व्यवस्था छ/छैन ? (लैङ्गिक सम्पर्क व्यक्ति आदि) | लैससास शाखा हेर्ने कर्मचारीको व्यवस्था गरेको | लैससास शाखा हेर्ने कर्मचारी तोक्ने निर्णय मात्र गरेको | लैससास शाखा हेर्ने कर्मचारीको व्यवस्था नगरेको | १. लैससास फोकल पर्सन तोकेको पत्र | |

| विषय क्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | २.६ मन्त्रालय/कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा अन्य वञ्चितीमा परेका वर्गहरुको प्रतिनिधित्व | मन्त्रालय/कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा अन्य वञ्चितीमा परेका वर्गहरुको ३५ प्रतिशत भन्दा बढी प्रतिनिधित्व रहेको | मन्त्रालय/कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा अन्य वञ्चितीमा परेका वर्गहरुको प्रतिनिधित्व गर्नका लागि २५ प्रतिशत देखि ३५ प्रतिशत सम्म प्रतिनिधित्व भएको | मन्त्रालय/कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा अन्य वञ्चितीमा परेका वर्गहरुको २५ प्रतिशत भन्दा कम प्रतिनिधित्व रहेको | १. समितिको संरचना र नाम सहितको विवरण | |
| | २.७ लैङ्गिक हिंसामा परेका विपन्न वर्गहरुको लागी राहत कोष वा बजेटको व्यवस्थापनः सामाजिक विकास | लैङ्गिक हिंसामा परेका विपन्न वर्गहरुको लागी राहत कोष वा बजेटको व्यवस्थापन भएको | निर्णय मात्र भएको तर कार्यान्वयन नभएको। | लैङ्गिक हिंसामा परेका विपन्न वर्गहरुको लागी राहत कोष वा बजेटको व्यवस्थापन नभएको | १. वैङ्क खाता नम्वर<br>२. बजेट तथा कार्यक्रम | |
| | २.८ तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्न कानुनी तथा नीतिगत व्यवस्था | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्न कानुनी तथा नीतिगत व्यवस्था भई कार्यान्वयन भएको | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्न कानुनी तथा नीतिगत व्यवस्था मात्र भएको | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्न कानुनी तथा कुनै पनि नीतिगत व्यवस्था नभएको | १. वैठक पुस्तिका /निर्णय<br>२. प्रतिवेदनहरु | |
| | २.९ सूचना र तथ्याङ्क शाखा वा उपशाखा वा इकाईको स्थापना वा तथ्याङ्क हेर्ने लागि जिम्मेवारीको व्यवस्था | कार्यविवरण सहित सूचना र तथ्याङ्क शाखा वा उपशाखा वा इकाईको स्थापना वा जिम्मेवारी दिएको | सूचना र तथ्याङ्क शाखा वा उपशाखा वा इकाईको स्थापना वा जिम्मेवारी मात्र दिएको | सूचना र तथ्याङ्क शाखा वा उपशाखा वा इकाईको स्थापना वा जिम्मेवारी दिने सम्बन्धमा कुनै कार्य नभएको | १.संगठन संरचना वा शाखा गठन गरेको निर्णय<br>२. कार्यविवरण र जिम्मेवारी पत्र | |
| | २.१० खण्डीकृत तथ्याङ्कको अद्यावधिक गर्ने गरे/नगरेको | खण्डीकृत तथ्याङ्कको अद्यावधिक गरी सार्वजनिकीकरण गर्ने गरेको | खण्डीकृत तथ्याङ्कको अद्यावधिक तर सार्वजनिकीकरण गर्ने नगरेको | खण्डीकृत तथ्याङ्कको अद्यावधिक गर्ने नगरेको | १, लोपोन्मुख जातजाति र यौनिक अल्पसङ्ख्यकको अद्यावधिक तथ्याङ्क<br>२. सार्वजनिकीकरण गरेको प्रमाणः जस्तै वेबसाईटको लिङ्क, फेसबुक पेज, पत्रपत्रिकाको कट्टीङ भाग | |

| विषय क्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | २.११ खण्डीकृत तथ्याङ्कको विश्लेषण र नीति तथा योजना तर्जुमामा प्रयोग | खण्डीकृत तथ्याङ्कको विश्लेषण भई सोही तथ्याङ्कमा आधारित भएर नीति तथा योजना तर्जुमा गर्ने गरेको | खण्डीकृत तथ्याङ्कको विश्लेषण हुने गरेको तर सोही तथ्याङ्कमा आधारित भएर नीति तथा योजना तर्जुमा गर्ने नगरेको | खण्डीकृत तथ्याङ्कको विश्लेषण गर्ने नगरेको | १.तथ्याङ्क विश्लेषण तथा समीक्षा प्रतिवेदन<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट | |
| | २.१२ नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था भए, नभएकोरु | नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था भएको | नागरिक सहायता तथा सोधपुछ कक्षको स्थापना गर्ने निर्णय मात्र भएको | नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था नभएको | १.नागरिक सहायता तथा सोधपुछ कक्ष स्थापना सम्बन्धी निर्णय<br>२. व्यवस्थित नागरिक सहायता तथा सोधपुछ कक्ष | |
| | २.१३ गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ, छैन र गुनासो समयमै सम्बोधन गर्ने व्यवस्था | गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी गुनासो समयमै सम्बोधन गर्ने गरिएको | गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको तर गुनासो सम्बोधन गर्ने नगरिएको | गुनासो सुन्ने अधिकारीको व्यवस्था नभएको तथा गुनासो समयमै सम्बोधन गर्ने नगरिएको | १. गुनासो सुन्ने अधिकारी तोक्ने निर्णय<br>२. गुनासो सुनुवाईको अभिलेख तथा प्रतिवेदन | |
| | २.१४ अति गरिब तथा लोपोन्मुख समुदायका व्यक्तिलाई निःशुल्क सेवा प्रवाह गर्ने गरे नगरेको। | अति गरिब तथा लोपोन्मुख समुदायका व्यक्तिलाई निःशुल्क सेवा प्रवाह गर्ने गरेको | अति गरिब तथा लोपोन्मुख समुदायका व्यक्तिलाई सेवा प्रवाह गर्दा केही सहुलियत वा छुट दिने गरेको | सेवा प्रवाहमा अति गरिब तथा लोपोन्मुख समुदायका व्यक्तिलाई निःशुल्क सेवा वा छुट वा सहुलियतको व्यवस्था नभएको | १. निःशुल्क सेवा वा छुट सुविधा वा सहुलियत प्राप्त गर्ने व्यक्तिको विवरण | |

| विषय क्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| ३. मानव संसाधन तथा क्षमता विकास | ३.१ समावेशी विकासका लागि छुट्टै क्षमता विकास योजना बनाई कार्यान्वयनमा ल्याए नल्याएको | क्षमता विकास योजना निर्माण गरी बजेट समेत विनियोजन गरी कार्यान्वयनमा ल्याएको | क्षमता विकास योजना निर्माण गरी बजेट समेत विनियोजन गरेको तर कार्यान्वयनमा नल्याएको | क्षमता विकास योजना निर्माण नगरेको | १. क्षमता विकास योजना<br>२. वार्षिक बजेट तथा कार्यक्रम<br>३. लक्ष्य अनुसारको प्रगति प्रतिवेदन<br>( मानव संशाधन योजना बनाई सो मा महिला तथा वञ्चितिमा परेको वर्ग वा समुदायको क्षमता विकासका लागि योजनाहरु प्राथमिकताका साथ राखी कार्यान्वयनमा ल्याईएको भए समेत १ अङ्क प्रदान गर्न सकिने) | |
| | ३.२ पदाधिकारी तथा कर्मचारीको दक्षता/ सिप अभिवृद्धी कार्यक्रम कार्यान्वयन गर्दा महिला, दलित, अपाङ्ग, जनजाती लगायत वञ्चितीकरणमा परेको वर्ग वा समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी वा पदाधिकारीको सहभागिता | दक्षता/ सिप अभिवृद्धी कार्यक्रममा सहभागीहरुमध्ये ४० प्रतिशत भन्दा बढी लक्षित समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी भएको | दक्षता/ सिप अभिवृद्धी कार्यक्रममा सहभागीहरुमध्ये २५ देखि ४० प्रतिशतसम्म लक्षित समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी भएको | दक्षता/ सिप अभिवृद्धी कार्यक्रममा सहभागीहरुमध्ये २५ प्रतिशत भन्दा कम लक्षित समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी भएको | १.पदाधिकारी तथा कर्मचारीको विवरण<br>२. तालिममा सहभागी कर्मचारी तथा पदाधिकारीहरुको विवरण (संगठनमा भएका कर्मचारीमध्ये उक्त वर्ग वा समुदायको कर्मचारी वा पदाधिकारी सबै समावेश भएको भए १ अङ्क प्रदान गर्न सकिने) | |
| | ३.३ महिला, अपाङ्गता तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी | महिला, अपाङ्गता तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने | महिला, अपाङ्गता तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी | महिला, अपाङ्गता तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न मापदण्गड | १. स्वीकृत मापदण्ड<br>२.कार्यक्रम सञ्चालन भएको प्रतिवेदन | |

| विषय क्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | संरचना तयार गर्न मापदण्ड बमोजिम कार्यान्वयन संस्थागत अन्तर्गत राख्ने | गरी संरचना तयार गर्न मापदण्ड तयार गरि कार्यान्वयन गरेको | संरचना तयार गर्न मापदण्गड मात्र तयार भएको | तयार गरि कार्यक्रम सञ्चालन गर्ने गरको छैन | | |
| | ३.४ मन्त्रालय तथा कार्यालयले श्रम बैंकको ( दक्ष र अदक्ष श्रमीक) स्थापना गरेको, नगरेको सामाजिक विकास मन्त्रालय वा अन्तर्गत | मन्त्रालय तथा कार्यालयले श्रम बैंकको ( दक्ष र अदक्ष श्रमीक) स्थापना गर्ने सम्बन्धी नीति वा निर्णय भई श्रम बैङ्क स्थापना भएको | मन्त्रालय तथा कार्यालयले श्रम बैंकको ( दक्ष र अदक्ष श्रमीक) स्थापना गर्ने सम्बन्धी नीति वा निर्णय भएको | मन्त्रालय तथा कार्यालयले श्रम बैंकको ( दक्ष र अदक्ष श्रमीक) स्थापना गर्ने सम्बन्धी कुनै कार्य नभएको | १.श्रम बैंकको ( दक्ष र अदक्ष श्रमीक) प्रणाली स्थापना सम्बन्धी निर्णय वा नीति<br>२. वार्षिक बजेट तथा कार्यक्रम | |
